# हरिनगर गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः** ७ **संख्याः** ५ **मितिः** २०८१/०२/३०

**भाग-२**

**हरिनगर गाउँपालिका**


## "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधी, २०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :** २०८१।०२।३० गते

हरिनगर गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधी, २०७५ लाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकोले,

(१) **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम : **"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी ( पहिलो संशोधन) कार्यविधी, २०८१** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि जारी भएको मानिनेछ ।

(३) कार्यविधीको दफा २ को उपदफा २ र ४ को सट्टा देहायको उपदफा २ र ४ राखिएको छ ।

२. उपदफा (१) बमोजिम पर्न आएका दरखास्त उपर प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा देहाय बमोजिमको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - संयोजक
२. पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको प्रमुख - सदस्य
३. प्रशासन शाखा/एकाई प्रमुख - सदस्य

४. उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत हरिनगर गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(४) कार्यविधीको दफा ३ को उपदफा २ र ३ को सट्टा देहायको उपदफा २ र ३ राखिएको छ ।

२. उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित हरिनगर गाउँपालिकाको आर्थिक ऐनमा

तोकिए वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ। इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ। यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन।

३. उपदफा (२) बमोजिमको म्याद नाघे पछि सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा हरिनगर गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ।

(५) कार्यविधीमा देहायको दफा (३क) उपदफा १, २, ३ र ४ थप गरीएको छ।

**(३क) इजाजत पत्र नामसारी तथा ठाउँसारी सम्वन्धी व्यवस्था :**

१. फर्म/कम्पनी दर्ता भएको निकायबाट फर्म/कम्पनीको स्वामित्व नामसारी गरेको प्रमाण पत्र, नामसारी हुनु पुर्व प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र, नामसारी भएको नयाँ कम्पनीको करदाता प्रमाण पत्र, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रको सक्कल, नामसारी हुँदा फर्म/कम्पनी दर्ता गर्दाका बखत पेश गरेको उपकरण तथा जनशक्ति हस्तान्तरण भएको कागजात वा अनुसूची-५ बमोजिमको योग्यता पुरा गरेको प्रमाण पत्र तथा नामसारी भएको फर्म/कम्पनीको प्रोप्राइटरले नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि इजाजत पत्र नामसारीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

२. उपदफा १ बमोजिमको सम्पुर्ण कागजात सहित इजाजत पत्र नामसारीको लागि निवेदन प्राप्त भएमा आवश्यक जाँचबुझ गर्नुपर्ने भए जाँचबुझ गरी हरिनगर गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई यसरी नतोकिए सम्म गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिए बमोजिमको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नामसारी गरीदिनेछ।

३. प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित ठाउँसारी हुने स्थानको विवरण सहित ठाउँसारीको लागि फर्म/कम्पनीले गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ।

४. उपदफा ३ बमोजिमको सम्पुर्ण कागजात सहित इजाजत पत्र ठाउँसारीको लागि निवेदन प्राप्त भएमा आवश्यक जाँचबुझ गर्नुपर्ने भए जाँचबुझ गरी हरिनगर गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई यसरी नतोकिए सम्म गाउँ कार्यपालिकाको निर्णय बमोजिम तोकिए बमोजिमको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र ठाउँसारी गरीदिनेछ।

(६) कार्यविधीको दफा ४ को उपदफा ३ झिकिएको छ।

(७) कार्यविधीको दफा ४ को उपदफा ४ को सट्टा देहायको उपदफा ४ राखिएको छ।

४. उपदफा १ बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ।

(८) कार्यविधीको अनुसूची-२ झिकिएको छ।

आज्ञाले,

नाम: तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत